# जगन्नाथ राजपत्र

## जगन्नाथ गाउँपालिकाद्वारा प्रकाशित

**खण्ड ७ संख्या ७ मिति २०८० असार २५**

# भाग १

## जगन्नाथ गाउँपालिकाको सूचना

**सुदूरपश्चिम प्रदेशको स्थानीय तहको कानून निर्माण प्रक्रिया ऐन २०७५ को दफा २४ (५) तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ (३) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छः**

### स्थानीय उद्योग तथा व्यवसायीक फर्म दर्ता ऐन, २०८०

**प्रस्तावना** : जगन्नाथ गाँउपालिका क्षेत्रभित्र रहेका व्यापारिक फर्म तथा उद्योगको दर्ता, अनुमति नविकरण, खारेजी अनुगमन र नियमन, स्थानीय

व्यापारको तथ्याङ्क अध्यावधिक गर्न र स्थानीय व्यापारको प्रवर्द्धन तथा सहजीकरण गर्न वान्छनीय भएकोले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (ञ) ६ र उपदफा ५ को खण्ड (घ) ले प्रदान गरेको अधिकार कार्यान्वयन गर्न सोहि ऐनको १०२ को उपदफा (१) बमोजिम जगन्नाथ गाँउपालिकाको गाउँ सभाले यो ऐन बनाई लागू गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "जगन्नाथ गाँउपालिका व्यवसाय दर्ता ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन जगन्नाथ गाउँपालिकाको राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(ख) "उद्योग" भन्नाले लघु घरेलु तथा साना उद्योग सम्झनुपर्दछ ।

(क) "ऐन" भन्नाले स्थानीय सरकार

संचालन ऐन, २०७४ सम्झनुपर्छ ।

(ग) "कार्यालय" भन्नाले जगन्नाथ गाँउपालिका, गाउँ कार्यपालिकाको कार्यालय सम्झनुपर्दछ र सो शब्दले गाँउपालिकाको मातहतमा रहेको वडा कार्यालयलाई समेत जनाउदछ ।

(ङ) "गाँउपालिका" भन्नाले जगन्नाथ गाँउपालिका सम्झनुपर्दछ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाँउपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

जगन्नाथ गाँउपालिका

## परिच्छेद-२

## उद्योग र व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी व्यवस्था

३. **उद्योग र व्यवसाय दर्ता गरी संचालन गर्नुपर्ने** : गाँउपालिका क्षेत्रभित्र अनुसूची-१ बमोजिमको व्यवसाय संचालन गर्नु अघि यस ऐन बमोजिम व्यवसाय दर्ता गर्नु पर्नेछ ।

४. **उद्योग र व्यवसाय दर्ताको लागि दरखास्त दिने र दर्ता गर्ने** : (१) गाँउपालिका क्षेत्रभित्र कुनै व्यवसाय दर्ता गर्न चाहने व्यक्तिले अनुसूची-२ मा उल्लेखित ढाँचाको दरखास्त फाराम भरी कार्यालयमा दिनु पर्नेछ । यस्तो दरखास्त फाराममा देहायका विवरणहरु खुलेको हुनुपर्छ :-

(क) व्यवसायको नाम र ठेगाना,

(ख) व्यवसायको प्रकृतिः उद्योग, व्यापार, सेवा,

(ग) कारोबार गर्ने मुख्य वस्तु र सेवा ,

(घ) लगानी,

(ङ) व्यवसायीको नाम र ठेगाना ,

(च) ब्यवसायीको नागरिकताको प्रतिलिपि,

(छ) व्यवसाय रहने घरधनी/जग्गाधनीको नाम,

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि कार्यालयले यस उपर आवश्यक जाँचबुझ गरी तोकिएबमोजिम लाग्ने दर्ता दस्तुरहरु लिई व्यवसाय दर्ता गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम व्यवसाय दर्ता भएपछि सम्बन्धित कार्यालयले दर्ता भएको व्यवसायको विवरण अनुसूची-३ बमोजिमको व्यवसाय दर्ता किताबमा उल्लेख गरी निवेदकलाई अनुसूची-४ बमोजिमको ढाँचामा व्यवसाय दर्ता प्रमाण पत्र उपलव्ध गराउँनु पर्नेछ ।

(४) एकै व्यक्तिको नाममा एउटै उद्देश्य भएको एक भन्दा वढी स्थानमा व्यवसाय संचालन र थप कारोबार गर्नु

पर्ने भएमा सुरु दर्ता दस्तुरको ५० प्रतिसत तिरी मुख्य व्यवसायको शाखा व्यवसाय भनी दर्ता गराउनु पर्नेछ।

५. **व्यवसायको नविकरण गर्नुपर्ने:** दफा ४ बमोजिम दर्ता भएको व्यवसाय प्रत्येक आर्थिक वर्षको असोज मसान्तभित्र नविकरण गरी सक्नु पर्नेछ । नविकरण शुल्क व्यवसाय दर्ता शुल्कको पचास प्रतिशत हुनेछ।

## परिच्छेद -३

## अनुमति र स्वीकृति सम्बन्धी व्यवस्था

६. **विवरण हेरफेर गर्नुपर्ने भएमा अनुमति लिनुपर्ने :** (१) दफा ४ बमोजिम दर्ता भएका व्यवसायको विवरण हेरफेर गर्नुपर्ने भएमा पन्ध्र दिनभित्र सोको लिखित निवेदन कार्यालयमा दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा कार्यालयले आवश्यक जाँचवुझ गरी नियमानुसार लाग्ने दस्तुर लिई विवरण संसोधन गरिदिनु पर्नेछ र सो व्यहोरा दर्ता किताव र प्रमाणपत्रमा समेत उल्लेख गरिदिनु पर्नेछ।

(३) व्यवसायको प्रकृति वा सेवाको किसिम र व्यवसायको नाम

परिवर्तन गर्नुपरेमा नयाँ व्यवसाय दर्ता गर्दा लाग्ने दस्तुर सरह लाग्ने छ ।

७. **साझेदार थपघट र ठाउँसारी गर्नु परेमा स्वीकृति लिनुपर्ने** : (१) एक व्यक्ति वा सो भन्दा वढी व्यक्तिको नाममा दर्ता कायम भएको व्यवसायमा साझेदार थपघट गर्नु परेमा आवश्यक कागजात संलग्न राखी कार्यालयमा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवदेन परेमा कार्यालयले आवश्यक जाँचबुझ गरी रु. एक हजार दस्तुर लिई माग बमोजिम साझेदार थप गरिदिनु पर्नेछ ।

(३) गाँउपालिका क्षेत्रभित्र एक वडामा सञ्चालनमा रहेको पेशा व्यवसाय गाउँपालिको अर्को वडामा ठाउँसारीको लागि सम्बन्धित वडाको सहमति सहित निवेदन परेमा कार्यालयले ठाउँसारी गरी सम्बन्धित वडा कार्यालयहरुलाई पत्राचार गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम ठाँउसारी भएको जनाउ प्राप्त भएपछि सिफारिस गर्ने वडा कार्यालयले आफ्नो

व्यवसायको लगत कितावमा ठाउँसारी जनाई लगत खारेज गुर्नपर्नेछ ।

(५) उपदफा (४) बमोजिम लगत खारेजको सिफारिस भएपछि तोकिएको समयभित्र सम्बन्धित कार्यालयमा गई व्यवसायको दर्ता लगत कायम गर्नु व्यवसायीको कर्तव्य हुनेछ ।

(६) उपदफा (३) बमोजिम ठाँउसारी गर्न चाहने व्यवसायीले ठाँउसारी भई जाने व्यवसाय रहने कार्यालयमा ठाउँसारीको लागि निवेदन पेश गरेपछि कार्यालयले आवश्यक जाँचवुझ गरी रु. पाँच सय दस्तुर लिई सो व्यहोरा दर्ता प्रमाणपत्रमा समेत खुलाई व्यवसायको ठाउँसारी गरिदिनु पर्नेछ ।

(७) यस उपदफा बमोजिम ठाउँसारी भई आउने व्यवसायीको लगत खडा गर्ने कर्तव्य सम्बन्धित कार्यालयको हुनेछ ।

८. **व्यवसाय सञ्चालनको अनुमति लिनु पर्ने :** (१) गाँउपालिकामा व्यवसाय दर्ता गरिसकेपछि अन्य सम्वन्धित निकायवाट

प्रचलित कानून बमोजिम अनुमति लिनुपर्ने भएमा तत् निकायबाट समेत अनुमति लिई व्यवसाय संचालन गर्नु सम्बन्धित व्यवसायीको कर्तव्य हुनेछ ।

९. **कार्यालयले विवरण माग गर्न, निर्देशन दिन र अनुगमन गर्न सक्ने** : (१) कुनै खास पेशा, व्यवसाय वा व्यापारको सम्बन्धमा केही कुरा वुझ्न आवश्यक ठानेमा कार्यालयले थप विवरण माग गर्न सक्नेछ । यसरी माग गरिएको विवरण उपलब्ध गराउने कर्तव्य सम्बन्धित व्यवसायीको हुनेछ ।

(२) उपदफा (१) बमोजिम विवरण उपलब्ध नगराएमा कार्यालयले सम्बन्धित पेशा तथा व्यवसाय स्थलको अनुगमन तथा जाँचवुझ गरी आवश्यक निर्देशन दिन सक्नेछ ।

(३) यस ऐन बमोजिम दर्ता भएका पेशा व्यवसाय संचालन गर्दा सामाजिक सदाचार कायम राख्नु पर्नेछ । यस सम्बन्धमा कार्यालयले दिने निर्देशनको पालना गर्नु सम्बन्धित व्यवसायीको दायित्व हुनेछ ।

## परिच्छेद -४

## जरिवाना सम्बन्धी व्यवस्था

१०. **व्यवसाय दर्ता खारेज गर्न सकिने:** (१) यस ऐन बमोजिम व्यवसाय दर्ता भएपछि दर्ता खारेजीको निवेदन नपरेसम्म सो व्यवसाय चालु रहेको मानिनेछ ।

(२) यस ऐन बमोजिम दर्ता भएको व्यवसाय वन्द गर्न चाहेमा मनासिब कारण खोली व्यवसायीले सम्वन्धित कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (३) बमोजिम निवेदन प्राप्त भएपछि कार्यालयले आवश्यक जाँचबुझ गरी चालु आर्थिक वर्षसम्मको कर रकम र व्यवसाय खारेजीको लागि लागत कट्टा वापत लिईने सेवा शुल्क रु. एक हजार समेत असूल गरी लगत कट्टा गरिदिनु पर्नेछ ।

(४) प्रचलित कानून विपरित कारोबार गरेमा, पेशा व्यवसाय संचालन गरेमा वा कार्यालयले दिएको निर्देशन उलंघन गरेमा कार्यालयले बाँकी बक्यौता

कर तथा जरिवाना असुल गरी व्यवसायको दर्ता खारेज गर्नेछ ।

(५) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि व्यवसाय खारेज वा लगत कट्टा गर्नु पूर्व व्यवसायीलाई सफाई पेश गर्ने पर्याप्त मौका दिनु पर्नेछ ।

(६) उपदफा (४) बमोजिम कार्यालयले व्यवसायको दर्ता खारेज गरेमा सम्वन्धित व्यवसायीको नाममा गाँउपालिकामा दुई वर्षसम्म कुनैपनि व्यवसाय दर्ता गरी संचालन गर्न रोक लगाउन सक्नेछ ।

११. **जरिवाना तथा थप दस्तुर लाग्ने:** (१) यस ऐनमा तोकिएको समयभित्र व्यवसाय नविकरण नगराएमा नियमानुसार लाग्ने दस्तुरमा थप जरीवाना तिरी व्यवसाय नविकरण गर्नुपर्नेछ ।

१२. **व्यवसाय दर्ता तथा नविकरण नगरी संचालन गरेमा कारबाहि हुने:** (१) प्रचलित कानून र यस ऐन बमोजिम दर्ता नगरी कुनै पनि व्यवसाय गाँउपालिका क्षेत्रभित्र संचालन गरेको पाईएमा

कार्यालयले सम्बन्धित व्यवसायीलाई पन्ध्र दिनको म्याद दिई व्यवसाय दर्ता गर्नको लागि निर्देशन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्देशन दिएको मितिले पन्ध्र दिनभित्र व्यवसाय दर्ता नगरेमा सम्बन्धित व्यक्तिलाई गाँउपालिकाबाट प्रवाह हुने सबै किसिमका सेवा सुविधाहरु वन्द गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम सेवा सुविधा वन्द गरेको तीन महिनाभित्र पनि व्यवसाय दर्ता नविकरण नगरी व्यवसाय संचालन गरेमा कार्यालयले नियमानूसार लाग्ने कर, जरिवाना र अन्य दस्तुर असुल उपर गरी व्यवसाय बन्द गर्न सक्नेछ ।

## परिच्छेद -५

## बिबिध

**१३. <u>कर छुट तथा मिन्हा दिन सकिने</u>** : (१) गाँउपालिका क्षेत्रमा व्यापार व्यवसाय दर्ता गर्न चाहाने महिला तथा अपाङ्गता भएका व्यक्तिलाई व्यवसाय दर्ता गर्दा

लाग्ने दस्तुरमा पचास प्रतिशत छुट दिन सकिनेछ ।

१४. **प्रतिलिपि दिने सक्नेः** व्यवसाय दर्ता प्रमाणपत्र हराएमा, च्यातिएमा, नविकरण गर्ने महल खाली नभएमा वा यस्तै अन्य कारणले प्रमाणपत्र उपलब्ध गराउनु पर्ने भएमा कार्यालयले आवश्यक जांचवुझ गरी रु. एक हजार प्रतिलिपि दस्तुर लिई नयाँ प्रतिलिपि प्रमाणपत्र जारी गर्न सक्नेछ ।

१५. **व्यवसाय संचालन नभएको सिफारिस दिन सक्नेः** प्रचालित कानून बमोजिम दर्ता भएको व्यवसाय सञ्चालन नै नभएकोले सोको व्यहोरा सम्बन्धित निकायमा सिफारिसको लागि कार्यालयमा निवेदन पर्न आएमा सो सम्बन्धमा कार्यालयले आवश्यक जाँचबुझ गरी व्यहोरा प्रमाणित भएमा रु. एक हजार दस्तुर लिई माग बमोजिमको व्यहोराको सिफारिस उपलब्ध गराउन सक्नेछ ।

१६. **वाधा अडकाउ फुकाउने अधिकार :** (१) यस ऐनको कार्यान्वयनको सिलसिलामा

जगन्नाथ गाउँपालिका

कुनै वाधा अडकाउ परेमा सो फुकाउने अधिकार गाउँ कार्यपालिकालाई हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुरा यसै ऐन बमोजिम र नलेखिएकोमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

१७. **खारेजी तथा बचाउः** (१) यो ऐन बन्नु भन्दा अगाडि गाँउपालिकावाट भए गरेका कामहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

जगन्नाथ गाउँपालिका

# अनुसूची-१

*(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)*

## व्यवसायको विवरण

| सि.नं | व्यवसाय | उद्योग |
|---|---|---|
| | सुन, चाँदी बिक्रेता | भिडियो क्यासेट रेकर्डर तथा प्लेयर उत्पादक /वितरक |
| | चुरोट, रक्सी | ब्यूटी पार्लर, केश श्रृङ्गार तथा सैलुन, ड्राई क्लिनर्स, फोटो स्टुडियो, सिलाई सेवा |
| | हलुका पेय पदार्थको थोक बिक्रेता | पेन्टिङ्ग सेवा |
| | निर्माण सामाग्री | पुल हाउस |
| | कम्प्यूटर र सो संग सम्बन्धित सामान बिक्री तथा मर्मत सेवा | केवुल/ नेटवर्किङ्ग सेवा |
| | विद्युत/सोलार विक्रेता | डेरी उद्योग |
| | रेडियो, घडी, मोवाईल तथा अन्य विधुतीय सामान विक्री तथा मर्मत सेवा | चिस्यान केन्द्र |
| | फर्निचरका सामान तथा कार्पेट विक्रेता | परामर्श सेवा |
| | आयल निगमको डिलर भई पेट्रोलियम पदार्थ बिक्रेता | ढुवानी सेवा |
| | ग्यास तथा मट्टितेल विक्रेता | उत्पादनमूलक उद्योग |

| सि.नं | व्यवसाय | उद्योग |
|---|---|---|
| | टिभि फ्रिज जस्ता अन्य विद्युतीय सामान विक्रेता | फर्निचर उद्योग |
| | खाद्यान्न किराना पसल | कृषि, पशुपंक्षी तथा वनजन्य उद्योग |
| | फलफुल तथा तरकारी विक्रेता | खनिज उद्योग |
| | स्वदेश तथा विदेशी कपडा, तयारी पोसाक र जुत्ता विक्रेता | पर्यटन उद्योग |
| | मासु विक्रेता | क्रसर तथा बालुवा प्रशोधन उद्योग |
| | खेलौना तथा उपहार (गिफ्ट) र कस्मेटिक विक्रेता | संचार सेवा |
| | सिसा प्लाईउड विक्रेता | तालिम केन्द्र |
| | भाँडाकुडा विक्रेता | मर्मत सम्भार/वर्कशप |
| | बेकरी तथा कफी सप | पोल्ट्री, पशु फर्म |
| | स्टिल तथा अन्य रेडिमेड फर्निचर विक्रेता | माछापालन |
| | होटल, लज तथा रेष्टुरा | मौरी पालन |
| | पत्रपत्रिका, स्टेशनरी तथा पुस्तक विक्रेता | मिल (कुटानी पिसानी) |
| | वित्तीय सेवा | अन्य |
| | मेडिकल | |
| | कपडा, जुत्ता तथा फेन्सी पसल | |
| | मेशिनरी पार्टपुर्जा पसल | |

| सि.नं | व्यवसाय | उद्योग |
|---|---|---|
| | पान पसल | |
| | मिठाई तथा चिया पसल | |
| | एग्रोभेट | |
| | सप्लायस | |
| | रासायनिक मल, विषादी पसल तथा बिउ विजन विक्रेता | |
| | सुर्ती पसल थोक तथा खुद्रा विक्रेता | |
| | अन्य | |

जगन्नाथ गाउँपालिका

अनुसूची-२

*(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)*

## उद्योग/व्यवसाय दर्ता/नविकरण निवेदन फाराम

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,

जगन्नाथ गाउँपालिका, बाजुरा

**विषय : उद्योग/व्यवसाय दर्ता /नविकरण गर्न अनुमति पाउँ ।**

मैले/हामीले निम्न स्थानमा ............................................ व्यवसाय दर्ता/नविकरण गर्नु परेकोले जगन्नाथ गाउँपालिकाको उद्योग तथा व्यवसाय दर्ता ऐन, २०७७ को दफा ४ बमोजिम यो निवेदन दिएको छु/छौं ।

**उद्योग/व्यवसायीको बिवरण**

| क्र.स. | व्यक्तिको नाम,थर | ठेगाना: | नागरिकता नं: | जारी जिल्ला र मिति | फो नं. |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |

**व्यवसायको विवरण :**

१. उद्योग/व्यवसायको नाम :

.....................................................

२. पूंजीगत लगानी (रु मा) :

.....................................................

३. उद्योग/व्यवसाय रहने स्थान : जगन्नाथ गाउँपालिका वडा नं. .......... टोल ...................

४. उद्योग/व्यवसाय बहालमा रहेको भए घरधनीको नाम : ..................

५. कारोबार गर्ने वस्तु वा सेवाको विवरण :

मिति :

........................

निवेदकको दस्तखत

जगन्नाथ गाउँपालिका

अनुसूची ३

*(दफा ४ को उपदफा (३) सँग सम्बन्धित)*

गजन्नाथ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

जगन्नाथ, बाजुरा

**व्यवसाय दर्ता किताव**

| क्र. सं. | दर्ता मिति | व्यवसायको नाम, ठेगाना | प्रोपोराईटरको नाम, ठेगाना | व्यवसायको प्रकृति | | पुजि लगानी | स्वामित्व | | दर्ता दस्तुर | रसिद नं. | दर्ता अधिकारीको हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | उद्योग | व्यापार | | एकल | साझेदारी | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

अनुसूची ४

*(दफा ४ को उपदफा (३) सँग सम्बन्धित)*

जगन्नाथ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

जगन्नाथ, बाजुरा

**उद्योग/व्यवसाय दर्ता प्रमाण पत्र**

दर्ता मिति :

प्रमाणपत्र नं :

जगन्नाथ गाउँपालिकाको स्थानीय उद्योग तथा व्यवसाय दर्ता ऐन,२०७७ बमोजिम व्यवसाय प्रमाण-पत्र जारी गरिएको छ ।

**व्यवसायीको बिवरण** एकल साझेदारी

| क्र. स. | व्यक्तिको नाम,थर | ठेगाना | नागरिकता नं. | जारी जिल्ला र मिति | फो नं. |
|---|---|---|---|---|---|

जगन्नाथ गाउँपालिका

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**व्यवसायको विवरण :**

१. व्यवसायको नाम :

.............................................................

.

२. पूंजीगत लगानी (रु मा) :

........................................................

३. व्यवसाय रहने स्थान : जगन्नाथ गाउँपालिका वडा नं. ............. टोल .........................

४. व्यवसाय बहालमा रहेको भए घरधनीको नाम : ...............................

५. कारोबार गर्ने वस्तु वा सेवाको विवरण :

जगन्नाथ गाउँपालिका

**शर्तहरु**

१) प्रत्येक आ.व.को असोज मसान्तभित्र व्यवसाय नविकरण गरी सक्नु पर्नेछ ।

२) व्यवसाय गरी आएको स्थान बदल्नु परे गाउँपालिकाबाट पूर्व स्वीकृति लिनु पर्नेछ ।

३) आफूले संचालन गरेको व्यवसाय बन्द गर्नु पर्दा वा छाड्न परेमा बाँकी कर तिरी व्यवसाय बन्द भएको जनाउपत्र लिनु पर्नेछ ।

४) यो प्रमाणपत्र व्यवसाय गरेको स्थानमा सबैले देख्ने गरी राखिनु पर्दछ र गाउँपालिकाको कर्मचारीहरुले हेर्न चाहेको बखत तुरुन्त देखाउनु पर्दछ ।

५) आफुले संचालन गरेको व्यवसायमा बाल श्रमिकहरु प्रयोग गर्न पाइने छैन ।

६) आफुले संचालन गरेको व्यवसायको फोहरमैला तोकिएको स्थानमा राख्नु पर्नेछ ।

७) उल्लेखित शर्तनामाहरु पालना नगरेमा गाउँपालिकाले जुनसकै बखत यो प्रमाणपत्र रद्द गरी व्यवसाय बन्द गर्न सक्नेछ ।

प्रमाणिकरण गर्ने:

## प्रमाण पत्रको पछाडीको भाग

| मिति | नविकरण गरेको अवधी | नविकरण दस्तुर | रसिद नं. | हस्ताक्षर | कार्यालयको छाप |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

**आज्ञाले**

**रविन्द्र बहादुर शाही**

**नि प्रमुख प्रशासकीय अधिकृत**

जगन्नाथ गाउँपालिका